# ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२

जिल्ला अनुगमन समिति, महोत्तरी

CamScanner

# ढुंगा, गिट्टी, वालुवा उत्खनन् बिकी तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि, २०८२

प्रस्तावना:

जिल्ला अनुगमन समिति महोत्तरीले जारी गरेको "ढुंगा, गिट्टी, वालुवा उत्खनन् बिकी तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९" को दफा ८ को उपदफा २ मा "यो कार्यविधिलाई जिल्ला अनुगमन समितिले आवश्यकता अनुसार संसोधन गरि लागु गर्न सकनेछ" भन्ने व्यवस्था बमोजिम जनजिवन र जिविकामा प्रत्यक्ष असर पार्ने, आम नागरिकको साझा सम्पत्ति मानव समुदायको दीर्घकालीन हित्तका लागी अपरिहार्य रहेको प्राकृतिक श्रोतको उचित सरक्षणको अभावले जलसंकट श्रृजना भई जिवनयापन कष्टकर बन्दै गएकोहुनाले नदिजन्य तथा खानिजन्य पदार्थ एवम् माटोजन्य वस्तुको बिकी, सहज आपूर्ति, बजार व्यवस्थापन, वातावरण संरक्षण, राजश्व चुहावट एवम् अवैद्ध उतखनन् नियन्त्रण लाई व्यवस्थित र नियमन गर्न नदिजन्य पदार्थ उत्खनन्, बिकी वितरण, ढुवानी, उद्योग संचालन लगायतका अन्य सान्दर्भिक विषयहरुमा संसोधन गर्न वान्छनीय भएकोले,

नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति महोत्तरीले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

१. यस कार्यविधिको नाम "ढुंगा, गिट्टी, वालुवा उत्खनन् बिकी तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन) कार्यविधि २०८२" रहेको छ ।

२. यो कार्यविधि नदिजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति महोत्तरीको वेठकले गरेको निर्णयानुसार मिति:२०८२।०५।१५ गते देखी लागु हुनेगरी जारी गरिएकोछ ।

२. ढुंगा, गिट्टी, वालुवा उत्खनन्, बिकी तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७९ को दफा ४ को उपदफा (२२) पछि देहायको उपदफा (२३), (२४), (२५), (२६), (२७), (२८), (२९) र (३०) थप गर्ने:

(२३) वातावरणमा प्रतिकूल प्रभाव नपर्ने हदसम्म मात्र उपयोग गर्न सकिने प्रकृतिश्रोत ढुंगा, गिट्टी, वालुवा, माटो,ग्राभलको उत्खनन् आदेश दिनुपूर्व वातावरण अध्ययन प्रतिवेदन सहित प्रकृयाको सम्पूर्ण विवरण जिल्ला समन्वय समितिलाई बुझाए पश्चात मात्र विधिसम्म्त उत्खनन्को कार्य गर्नुपर्नेछ ।

(२४) परिमाण र दर निर्धारण गरेर ,बन्दोवस्त गरिने नदिजन्य पदार्थको ठेक्कामा उत्खनन परिमाण नियन्त्रण एवं वातावरण संरक्षणको लागी नदीजन्य पदार्थको विवेकपूर्ण प्रयोग गरी उत्खनन तथा संकलन सम्वन्धि कार्यलाई व्यवस्थित गर्न नदि किनारा बाट कम्तिमा ५०० मी.को दुरीमा घाटगद्दी स्थल कायम गर्नुपर्नेछ ।

(२५) उत्खनन् गर्न रेखांकन गरिएको निर्धारित स्थानवाट नदीजन्य पदार्थ श्रममुलक प्रविधिको प्रयोग वा अनुमती प्राप्त मेसिन उपकरणको मात्र प्रयोग गरी वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको गहिराईमा उत्खनन् गर्ने ।

(२६) नदीजन्य पदार्थ उत्खनन् स्थलवाट प्रवेशपास अनुमती भएको सवारी प्रयोग गरी घाटगद्दी स्थानमा ढुवानी गर्दा नगरपालिकावाट प्रमाणित गरिएको रसीदमा समय र मिति अनिवार्य उल्लेख गरी उत्खनन्को दैनिक अभिलेख राख्नु पर्नेछ ।

(२७) उत्खनन् कार्य सम्पन्न भए पश्चात उत्खनन स्थाल र घाटगद्दीमा रहेको नदिजन्य सामग्रीको प्राविधिक नापजाँच गरी उत्खनन परिमाण प्रमाणीत गरी सोको प्रतिवेदन जिल्ला समन्वय समितिलाई पठाए पश्चात मात्र विधिसम्म्त बिकी वितरणको कार्य गर्नुपर्नेछ ।

सुमन कुमार लाल कर्ण
जि.स.स. प्रमुख

(२८) घाटगद्दीमा रहेको मौज्दात सामग्री आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिमाण जिल्ला अनुगमन समिति वा गाउँपालिका/ नगरपालिकाले जफतगर्ने र यसतो सामग्रीलाई सम्बन्धित गाउँपालिका/ नगरपालिकाले लिलाम बिक्री गर्नुपर्नेछ ।

(२९) प्राकृतिक श्रोतको उत्खनन् र प्रयोग गर्दा आर्थिक लाभको दृष्टिले मात्र हेर्ने नभई वातावरण संरक्षणमा प्रतिकूल असर नपर्ने गरी मात्र उत्खनन र प्रयोग गर्नुपर्नेछ । वातावरणीय अध्ययन प्रतिवेदन (IEE / EIA) बमोजिम तोकिएको गहिराइ भन्दा बढी उत्खनन् गरिएको पाईएमा जिल्ला अनुगमन समितिले उत्खनन कार्य रोकी ठेक्का सम्झौता तोड्न नगरपालिकालाई सिफारिस गर्नेछ।

(३०) व्यक्तिगत जग्गा वा खोलाबाट स्विकृती नलिई ढुंगा, गिट्टी, वालुवा,माटो, ग्राभल अवैध रुपमा उत्खनन गरिएको पाईएमा त्यसतो उत्खनन् गर्ने वा गर्न लगाउने व्यक्ति, मेसिन उपकरण नियन्त्रणमा लिई उत्खनन स्थल र त्यसतो सामग्री प्रयोग गर्ने योजना/आयोजनाको प्राविधिक अनुगमन गरी नियम अनुसारको कारबाही गरिनेछ ।

३. ढुंगा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७९ को दफा ५ को उपदफा (४) पछि देहायको उपदफा (५), (६), (७), (८) र (९) थप गर्ने:

(५) संचालनमा रहेको कसर उद्योगहरुले मौज्दातमा रहेको ढुंगा,गिट्टी,वालुवा (अप्रशोधित वा प्रशोधित) जस्ता सामग्री र खरिद बिक्रीको विवरण प्रत्येक आर्थिक वर्षको अषाढ मसान्त भित्र सम्वन्धित पालिका समक्ष पेश गर्नु पर्नेछ । पालिकाले कसर उद्योगहरुमा मौज्दात सामग्रीको श्रोत पहिचान गरी नापजँच गरेर अभिलेख राखी स्टक प्रमाण उपलब्ध गराउनेछ ।

(६) नदीजन्य पदार्थको अनियन्त्रित दोहन एवम् कसर उद्योगहरु सुव्यवस्थित र वातावरण मैत्री रुपमा संचालन हुने सुनिश्चितता गर्न उद्योगले मौज्दात रहेको नदीजन्य सामग्री, खरिद बिल, विकीको विवरण, पालिकाबाट प्राप्त स्टक प्रमाण र नविकरण सम्वन्धि अन्य कागजातहरु प्रत्येक आर्थिक वर्षको लागी श्रावण महिनाभित्र जिल्ला अनुगमन समिति समक्ष पेश गरे पश्चात मात्र विधिसम्म्त उद्योगले बिकी वित्तरण गर्न पाउनेछ ।

(७) निर्माण सामग्रीको ढुवानी भाडासहित र ढुवानी भाडारहित दररेटमा एकरुपता कायम हुनेगरी स्थानीय पालिकाको समन्वयमा सवै उद्योगहरुले मूल्य निर्धारण गरी सुचनापाटिमा मुल्य सूची राखी सोको जानकारी जिल्ला अनुगमन समिति समेत लाई गर्नुपर्नेछ ।

(८) उद्योगहरुले नदिजन्य पदार्थ विकी वितरण गर्दा विल विजकको प्रयोग अनिवार्य गर्नुपर्नेछ । न्यून विल काटी बढी सामग्री उठाएको वा तोकिएको भन्दा वढी परिमाण वोकेको पाइएमा कानून वमोजिम कार्यवाही हुनेछ ।

(९) अधिकारप्राप्त निकायबाट अनुमती नलिई उद्देश्य विपरित उद्योग संचालन गर्ने उद्योगहरुलाई जिल्ला अनुगमन समितिले अनुमती विनाको मेसिन हटाउने वा सम्वन्धित निकायबाट अनुमती प्राप्त गर्ने र उद्देश्य अनुरुपको कार्य नगरेसम्म उद्योग संचालनमा रोक लगाउन सकिनेछ ।

सुमन कुमार लाल कर्ण
जि.स.स. प्रमुख

CamScanner